नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

## बारम्बर सोधिने प्रश्नहरु:

### १. सामाजिक सुरक्षा कोषमा सहभागी कसरी हुने ?

- सामाजिक सुरक्षा कोषको वेभसाइट www.ssf.gov.np मा SOSYS online Registration मा गएर रोजगारदाताको अनलाइन रजिष्ट्रेसन गरेपछि सामाजिक सुरक्षा कोषबाट प्रमाणपत्र सहित एउटा सामाजिक सुरक्षा नम्बर, युजर नेम, र पासवर्ड प्राप्त गर्न सकिन्छ। त्यस पश्चात श्रमिकको विवरण समेत अनलाइनबाटै भर्न सक्ने व्यवस्था गरिएको छ।

### २. सामाजिक सुरक्षा कोषमा सहभागी भएपछि के के सुविधाहरु उपलब्ध हुन्छ ?

योगदानकर्तालाई निम्न बमोजिम चारवटा योजनामा भएका सुविधाहरू उपलब्ध गराउने व्यवस्था कोषले गरेको छ।

- औषधि उपचार तथा मातृत्व सुरक्षा योजना।
- दुर्घटना तथा अशक्तता सुरक्षा योजना।
- आश्रित परिवार सुरक्षा योजना।
- वृद्धावस्था सुरक्षा योजना

### ३. सामाजिक सुरक्षा कोषको रकम कहाँ र कसरी जम्मा गर्ने ?

- Connect IPS भएको कुनैपनि बैंक तथा वित्तीय सस्था बाट सामाजिक सुरक्षा कोष (SSF) को खातामा रोजगारदाता स्वयंले कनेक्ट आईपिएस सुविधा लिएको भए स्वयं अनलाइनबाट र सो नभए रोजगारदाताको खाता रहेको बैंकको Connect IPS मार्फत सिधै सामाजिक सुरक्षा कोषको खातामा जम्मा गर्न सकिनेछ। सामाजिक सुरक्षा कोषको नाममा नेपाल बैंक लिमिटेडमा रहेको कल खाता नम्बर ००२११६०६७२००१२००००२ मा योगदान रकम संकलन गर्ने व्यवस्था गरिएको छ। उक्त रकम सोहि खातामा जम्मा हुने व्यवस्था गरिएको छ। कोषमा रकम जम्मा गर्न सकिने बैंक तथा वित्तीय सस्थाको नाम कोषको वेवसाइटवाट लिन सकिन्छ। थप जानकारी आवश्यक भएमा कोषको मोवाइल नं ९८५१२१७८९३ सम्पर्क गर्न सक्नुहुने छ। रकम जम्मा गर्न सकिने अन्य माध्यम र बैंकहरू क्रमश विस्तार गर्दै लगिने छ।

### ४. कोषले उपलब्ध गराउने सुरक्षा सुविधा प्राप्त गर्न गरिने योगदान कति र कसरी हुन्छ ?

- सामाजिक सुरक्षा योजनामा सहभागी हुन योगदानकर्ताको तर्फबाट रोजगारदाताले आधारभूत पारिश्रमिकको ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा मासिक रूपमा नियमित योगदान गर्नु पर्ने व्यवस्था रहेको छ। जसमध्ये सम्बन्धित रोजगारदाताले २० प्रतिशत र योगदानकर्ताले ११ प्रतिशत रकम योगदान गर्न• पर्दछ।

### ५. दुर्घटना सुरक्षा योजना कहिलेबाट लागू हुन्छ ?

- यो सुरक्षा योजना योगदान रकम सामाजिक सुरक्षा कोषमा जम्मा भएकै मितिबाट लागू हुन्छ।

### ६. औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना कहिलेबाट लागू हुन्छ ?

- सामाजिक सुरक्षा कोषमा कम्तिमा तीन महिना योगदान गर्ने योगदानकर्ताले (श्रमिकले) यो सुविधा प्राप्त गर्न सक्ने तथा योगदान गर्न छाडेको तीन महिना सम्म कोषले यस्तो सुविधा उपलब्ध गराउँदछ।

### ७. मातृत्व सुरक्षा सुविधा कसरी प्राप्त हुन्छ ?

- रोजगारदाताबाट पारिश्रमिक सहितको प्रसुति विदा पाउने अवधि (कम्तिमा ६० दिन) बाहेक थप ३८ दिन को अवधिका लागि निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको ६० प्रतिशत प्रसुति विदाको रकम सुविधा वापत प्राप्त हुन्छ। नवजात शिशु स्याहारका लागि एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम उपलब्ध गराउने व्यवस्था छ।

### ८. स्वास्थ्य उपचार खर्च कस्तो अवस्थामा पाइन्छ ?

- योगदानकर्ता विरामी भै अस्पतालमा भर्ना भै उपचार गराउँदा खर्च भएको वढीमा रू एक लाख सम्मको अथवा घरमै उपचार गराउदा खर्च भएको वढीमा रू पच्चीस हजार को असी प्रतिशत कोषले र बाँकि स्वयं योगदानकर्ताले व्यहोर्न• पर्ने छ।

### ९. श्रमिक रोजगारीजन्य दुर्घटनामा परेमा वा निजलाई व्यवसायजन्य रोग लागेमा के सुविधा पाइन्छ ?

- रोजगारीजन्य दुर्घटना योगदान सुरू गरेकै मितिबाट र व्यवसायजन्य रोगको सुविधा कोषमा योगदान गरेको दुई वर्ष पछाडी शुरू हुन्छ। यी दुवै अवस्थामा उपचार गर्दा लाग्ने सबै खर्च कोषले व्यहोर्ने व्यवस्था छ।

### १०. रोजगारीजन्य वाहेक अन्य दुर्घटनामा परे के हुन्छ ?

- ७ लाख सम्मको उपचार खर्च कोषले नै व्यहोर्ने व्यवस्था छ।

### ११. वृद्ध अवस्था योजनाको आकर्षण के छ ?

- श्रमिकको अवकाश उमेर ६० वर्ष र १५ वर्ष (१८० महिनाको) योगदान पूरा भएपछि आफुले कोषमा जम्मा गरेको योगदान रकम (रोजगारदाता मार्फत भएको योगदान समेत) र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदानलाई १८० महिना (१५ वर्ष) ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर (आजिवन) कोषले निवृत्तभरण उपलब्ध गराउने व्यवस्था छ।

### १२. योगदानकर्ताको निवृत्तभरण सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा आश्रित परिवारले कस्तो सुविधा प्राप्त गर्न सक्छन ?

- श्रमिकको हकवालालाई निजले कोषमा जम्मा गरेको योगदान रोजगारदाताबाट भएको योगदान र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकमलाई एकमुष्ट रूपमा प्रदान गर्ने वा निजको पति वा पत्नीलाई योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको ६० प्रतिशतको दरले निज जीवित रहेसम्म कोषले निवृत्तभरण उपलब्ध गराउँदछ।

### १३. आश्रित पारिवारलाई के के सुविधाहरु रहेका छन् ?

- योगदानकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा निजको पति वा पत्नी, वा एकाघरका बाबु आमा मध्ये एकले योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको ६०% को दरले जीवित रहेसम्म निवृत्तभरण (पेन्सन) प्राप्त गर्ने व्यवस्था छ।
- योगदानकर्ताको मृत्यु भएमा अध्ययन जारी रहेका २१ पुरा नभएसम्म निजका सन्ततीले (शैक्षिक) वृत्ति पाउने। एकभन्दा बढी सन्तान भएमा आधारभुत पारिश्रमिकको ६०% दामासहिले प्रदान गर्ने व्यवस्था छ।
- योगादनकर्ताको मृत्यु भएमा आश्रित परिवारले एकमुष्ठ रू पच्चिस हजार अन्तिम संस्कार खर्च वापत कोषले उपलब्ध गराउने व्यवस्था छ॥

### १४. स्थायी रुपमा पूर्ण असक्षम भएको अवस्थामा के सुविधा पाइन्छ ?

- पुर्ण असक्षम भएको अवस्थामा योगदानकर्तालाई योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको ६०% को दरले योगदानकर्ता श्रमिक जीवित रहेसम्म हेरचाह वापत निवृत्तभरण (पेन्सन) प्रदान गरिने तर अरूले हेरचाह गरेमा सो पेन्सन रकम निजको हेरचाहमा संलग्न व्यक्ति वा संस्थालाई भुक्तानी गर्ने व्यवस्था छ।

### १५. योगदानकर्ताले १८० महिना योगदान नगर्दै साठी वर्ष उमेर पूरा भएमा के हुन्छ ?

- त्यस्तो योगदानकर्ताले निजको कोषमा गरेको योगदान, रोजगारदाताको तर्फबाट भएको योगदान र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ट रूपमा लिन वा त्यसलाई १८० ले भाग गरी हुन आउने रकम जीवनभर निवृत्तभरण स्वरूप कोषले उपलब्ध गराउने व्यवस्था छ।

### १६. एउटा संस्था छोडेर अर्को संस्थामा गए के हुन्छ ?

- यस्तो अवस्थामा पनि श्रमिकको सामाजिक सुरक्षा नम्बर पहिलेकै कायम रहनेगरि योगदान रकम जम्मा गर्ने साथै रोजगारीमा नरहेको अवस्थामा पनि निजले चाहेमा नियमित रूपमा योगदान जम्मा गरि सुविधा प्राप्त गर्न सक्ने व्यवस्था छ।

### १७. संस्था छोडेर आफ्नै कम्पनी संचालन गरे के हुन्छ ?

- आफ्नो कम्पनीलाई सामाजिक सुरक्षा कोषमा अनलाइन मार्फत सूचीकरण गर्ने आफुलाई त्यस कम्पनीको योगदानकर्ताको रूपमा दर्ता गरी सुरक्षा योजनालाई निरन्तरता दिन सकिन्छ भने स्वरोजगारले पनि सामाजिक सुरक्षा योजनामा सहभागी हुनसक्ने गरी योजना ल्याउन सक्ने प्रावधान छ।

### १८. विदेशमा स्थायी बसोबास गर्न जाने अवस्था आए के हुन्छ ?

- योगदानकर्ताले निजको कोषमा गरेको योगदान, रोजगारदाताको तर्फबाट भएको योगदान र कोषको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगदान रकम एकमुष्ट रूपमा भुक्तानी लिन पाउने व्यवस्था छ। तर यसरी रकम फिर्ता पाउन विदेशी मुलुकको स्थायी आवासीय अनुमति पाएको हुनुपर्दछ।

### १९. सामाजिक सुरक्षा कोषको योगदानमा आधारित सुरक्षा योजनामा सहभागि नभए के हुन्छ ?

- सामाजिक सुरक्षा योजनामा सहभागी हुनुपर्ने व्यवस्था श्रम ऐनको अनिवार्य व्यवस्था हो। यसमा सहभागी नभए सरकारी सुविधाबाट बञ्चित गर्न सक्ने कानूनी व्यवस्था छ।

### २०. योगदान रकम नियमित रुपमा जम्मा भए नभएको कसरी थाहा पाउन सकिन्छ ?

- कोषले नियमित रूपमा सूचना इमेल तथा एस एम एस मार्फत उपलब्ध गराउने व्यवस्थाका साथै योगदानकर्ताले आफ्नो युजर आइडि तथा पासवर्ड प्रयोग गरि कोषको सिष्टम वाट समेत जानकारी प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

### २१. दुर्घटना भएमा वा औषधि उपचार खर्च भुक्तानीको प्रकृया कस्तो हुन्छ ?

- औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा र दुर्घटना भएको अवस्थामा कोषले व्यहोर्ने खर्च अस्पतालले दाबी गर्ने र सोको भुक्तानी अस्पतालको बैंक खातामा सिधै जम्मा गर्ने व्यवस्था गरिएको छ।

### २२. प्रचलित कानून अनुसार सामाजिक सुरक्षा योजना लागू नहुँदै संचित कोष र उपदान सुविधा पाईरहेका श्रमिक कर्मचारीको हकमा सामाजिक सुरक्षा सम्बन्धि कस्तो व्यवस्था छ ?

- २०७६ श्रावण अगावै रोजगारीमा आएका व्यक्तिको हकमा पनि सामाजिक सुरक्षा कोषमा सूचीकरण हुनुपर्ने अनिवार्य व्यवस्था छ। साथै यस्ता योगदानकर्तालाई पेन्सन योजना र अवकाश सुविधा योजना मध्ये कुनै एक छनौट पाउने विकल्प दिइएको छ।

### २३. २०७६ श्रावण देखि रोजगारीमा आएका व्यक्तिको हकमा पेन्सन वा अवकाश सुविधा योजना छनौट गर्ने विकल्प छ कि छैन ?

- २०७६ श्रावण देखि रोजगारीमा आएका व्यक्तिको हकमा कोषमा १५ वर्ष योगदान गरेपछि अनिवार्य पेन्सन योजनामै सहभागी हुनुपर्ने र ६० वर्ष उमेर पुग्दासम्म पनि १५ वर्ष योगदान नपुगे अवकाश सुविधा लिन पाउने व्यवस्था छ।

### २४. कुनै योगदानकर्ताको निवृत्तभरण पाउन शुरु गरेको छोटो समयमै मृत्यु भएमा निजको आश्रित परिवारले के पाउँछ ?

- निवृत्तभरण लिन शुरू गरेको १५ वर्ष पुरा नहुँदै व्यक्तिको मृत्यु भएमा निजको दम्पत्तिले निजले पाइरहेको निवृत्तभरण रकमको ५०% रकम मासिक रूपमा निज जीवित रहुन्जेल प्राप्त गर्ने व्यवस्था छ।

### २५. ६० वर्ष पूरा भएको व्यक्ति रोजगारीमै रहेमा सामाजिक सुरक्षा कोषमा सूचीकृत हुनु पर्छ कि पर्दैन ?

- निजलाई सामाजिक सुरक्षा कोषमा निरन्तरता दिन अनिवार्य त छैन तर स्वेच्छले निरन्तरता दिन सक्ने प्रावधान रहेको छ।

### २६. नेपाल सरकार वा अन्यत्रबाट समेत पेन्सन पाईरहेको व्यत्तिले सामाजिक सुरक्षा कोषबाट पेन्सन पाँउछ कि पाँउदैन ?

- सामाजिक सुरक्षा कोषमा निजको योगदान १५ वर्ष पूरा भएमा निजले पेन्सन पाउने व्यवस्था छ।

### २७. सामाजिक सुरक्षा कोषबाट पाउने पेन्सन रकम बढ्छ कि बढेदैन ?

- मुद्रास्फिती अनुसार पेन्सन रकममा पनि मूल्य समायोजन हुने व्यवस्था छ।

### २८. योगदानकर्ताले कोषमा भएको योगदान बराबरको मात्र सुविधा पाउने हो ?

- सामाजिक सुरक्षा योजनामा तोकिएका सुविधाहरू प्रदान गर्दा योगदानकर्ताको योगदानबाट मात्र सुविधा दिने नभई तोकिएका सुविधाहरू सम्पूर्ण उपलब्ध गराउने व्यवस्था छ।

### २९. सामाजिक सुरक्षा कोषमा योगदान गर्न थालेपछि सामाजिक सुरक्षा करको रुपमा एक प्रतिशत कर तिर्नु पर्छ कि पर्दैन ?

- सामाजिक सुरक्षा कोषमा योगदान गर्ने योगदानकर्तालाई एक प्रतिशत सामाजिक सुरक्षा कर लाग्दैन।

### ३०. सामाजिक सुरक्षा योजनामा कुन कुन योजनाबाट योगदानकर्ताले अधिकतम सुविधा प्राप्त गर्छन ?

- निवृत्तिभरण सुविधा।
- व्यवसायजन्य रोग तथा रोजगारीजन्य दुर्घटनाको उपचार।
- आश्रित परिवारको निवृत्तभरण तथा सन्तती वृत्ति।
- स्थाई पूर्ण असक्षमता वापतको निवृत्तभरण

- कोषमा कल सेन्टरको व्यवस्था गरिएको छ सोहि मार्फत आवश्यक कुरा बुझ्न सकिन्छ। यसको अतिरिक्त कोषको सम्पर्क नम्बर ०१-४२५६१४४, ०१-४२५६३१५ मा सम्पर्क गरी अथवा कोषको वेभसाइट www.ssf.gov.np तथा प्रवक्ता मार्फत पनि जानकारी प्राप्त गर्न सकिन्छ।